२०८२/०७/१४

ने.स.११४६. कछलाथ्व, नवमी ।

**विषयः विज्ञसूची (Roster) तयारीका लागि निवदन मागसम्बन्धी सूचना**

यस केन्द्रबाट आ.ब. २०८२/०८३ मा सम्पादन गरिने कार्यसम्पादन परीक्षण, विभिन्न विषयका अनुसन्धान, तथ्याङ्क सङ्कलनका साधन निर्माण, तथ्याङ्क विश्लेषण, प्रतिवेदन लेखन/ प्रतिवेदनहरुको विषय तथा भाषा सम्पादन लगायतका कार्यहरू परामर्श सेवा मार्फत गराउन विज्ञसूची (Roster) तयार गर्नुपर्ने आवश्यक भएकाले तोकिएवमोजिमको योग्यता पुगेका इच्छुक नेपाली नागरिकले मिति २०८२ मङ्सिर २ गतेसम्म संलग्न google form भर्नुहुन तथा तोकिएबमोजिमको कागजात अपलोड गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ।

**<u>क) अनुभव र योग्यतका सर्तहरू</u>**

१) विश्वविद्यालयका शिक्षा विषयका बहालवाला वा सेवानिवृत उपप्राध्यापक वा सोभन्दा माथिल्लो तहमा काम गरेको वा

२) शिक्षा सेवाका उपसचिव वा सोभन्दा माथिको पदबाट सेवानिवृत्त भएको वा स्वतन्त्र अनुसन्धानकर्ता ।

३) मान्यता प्राप्त विश्वविद्यालयबाट शिक्षा शास्त्रमा कम्तीमा स्नातकोत्तर तह उत्तीर्ण गरी विद्यालय शिक्षा सेवातर्फ माध्यमिक तह प्रथम श्रेणीको शिक्षक पदबाट सेवानिवृत्त भएको र

४) स्नातकोत्तर तह उतीर्ण गरी शैक्षिक क्षेत्रमा प्रशिक्षण, निरीक्षण, शैक्षिक प्रशासन, पाठ्यक्रम, व्यवस्थापन, आयोजना/परियोजना मूल्याङ्कन, अध्यापन वा अध्ययन/अनुसन्धानको क्षेत्रमा कम्तीमा दश वर्षको अनुभव हासिल गरेको हुनुपर्ने छ ।

**<u>ख) आवश्यक कागजात</u>**

(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी

(ख) न्यूनतम शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि

(ग) अनुभव खुल्ने कागजातको प्रतिलिपि

(घ) स्थायी लेखा नम्बर (PAN) कार्डको प्रतिलिपि

(ङ) वैयक्तिक विवरण (वायोडाटा)

***पुनश्चः केन्द्रको कामको प्रकृति, विज्ञको योग्यता, अनुभव र आवश्यकताअनुसार विज्ञहरुसँग कार्य गरिनेछ । विज्ञ छनौटको अधिकार केन्द्रमा निहित रहेको छ ।***

***कार्यालयमा नै भौतिक उपस्थित भई निवेदन दिन चाहनुहुने विज्ञहरूले उल्लिखित कागजातसहित संलग्न ढाँचामा निवेदन पेस गर्न सकिने छ । साथै गत बर्ष बिज्ञसूचीमा सूचीकृत भएका बिज्ञहरुको हकमा निवेदन मात्र पेश गर्नु हुन । लिङ्क : https://forms.gle/PT76unV8FXnUZKdB9***

श्रीमान् महानिर्देशक ज्यू
शैक्षिक गुणस्तर परीक्षण केन्द्र
सानोठिमी, भक्तपुर ।

**विषय: विषय विज्ञमा सूचीकृत हुन पाउँ ।**

महोदय,

प्रस्तुत विषयमा आव २०८२/८३ का लागि शैक्षिक गुणस्तर परीक्षण केन्द्रबाट सम्पादन गरिने कार्यका लागि विज्ञका रुपमा सूचीकृत हुन देहायबमोजिमको विवरण तथा आवश्यक कागजातसहित यो निवेदन पेश गरेको छु ।

१. व्यक्तिगत विवरण:

नाम थर:

स्थायी ठेगाना - जिल्ला: नगरपालिका / गाउँपालिका:

वडा नं: टोल: सम्पर्क नम्बर इमेल

२. कार्यरत अवकास प्राप्त भएको संस्थाको नाम ठेगाना:

३. विज्ञका रुपमा सूचीकृत हुन चाहेको विषय र तह:

४. विज्ञका रुपमा सूचीकृत हुन चाहेको कार्यक्षेत्र:

५. कार्यसंग सम्बन्धित अनुभव वर्ष:

६. शैक्षिक योग्यता (विषयविज्ञका लागि तोकिएको न्यूनतम र सो भन्दा माथिल्लो योग्यता भए सो समेत)

| उपाधी | अध्ययन गरेको विषय | उत्तीर्ण बोर्ड | उत्तीर्ण वर्ष | उत्तीर्ण श्रेणी |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

उल्लिखित विवरण साँचो हो, झुठा ठहरे कानुनबमोजिम सहुँला बुझाउँला

हस्ताक्षर:..................................

नाम:..........................................

मिति:.........................................